निर्णयहरुः

मिति २०८१ साल जेठ महिनाको २३ गते बुधबारका दिन सुदूरपश्चिम प्रदेशको **प्रदेश समन्वय परिषद्**का अध्यक्ष एवं सुदूरपश्चिम प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री दीर्घ बहादुर सोडारीज्यूको अध्यक्षता बसेको **परिषद्**को पाँचौं बैठकमा निम्नलिखित निर्णयहरु गरियो ।

१. परिषद्को चौथों बैठकका निर्णयहरुको कार्यान्वयनको सम्बन्धमा पेश गरेको प्रगति विवरण जानकारी भयो ।

२. प्रदेश समन्वय परिषद्सम्बन्धी तत्कालीन व्यवस्था स्थानीय सरकार सन्चालन ऐन २०७४ दफा १२५ बमोजिम रहेकोमा उपर्युक्त दफालाई सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ ले प्रतिस्थापन गरी खारेज गरिसकेको सन्दर्भमा उपर्युक्त दफा बमोजिम तर्जुमा भएको सुदूरपश्चिम प्रदेशको प्रदेश समन्वय परिषद्को बैठक सन्चालन कार्यविधि २०७५ लाई प्रतिस्थापन गरी तर्जुमा गरि पेश गरिएको नयाँ कार्यविधि सुदूरपश्चिम प्रदेशको प्रदेश समन्वय परिषद्को बैठक सन्चालन कार्यविधि २०८१ स्वीकृत गरियो ।

३. प्रदेश र स्थानीय तहबीच रहेका राजस्व बाँडफाँटका विषयमा राजस्व उठाउने स्थानीय तहले कानून बमोजिम हिस्सा (६० प्रतिशत) आफूसँग राखी बाँकी ४० प्रतिशत राजस्व प्रदेश सन्चित कोषमा दाखिला गर्ने ।

४. प्रदेशका सबै मन्त्रालयहरुले आफू र मातहत कार्यालयबाट स्थानीय तहमा सन्चालन हुने योजना कार्यक्रमहरु सम्बन्धित स्थानीय तहसँग समन्वय गरी सन्चालन गर्ने व्यवस्था मिलाउने ।

८१।२।२४

सुदूरपश्चिम प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी, कैलाली, नेपाल
२०७४

दीर्घ बहादुर सोडारी
मुख्यमन्त्री